नेपाली राजदूतावास
कुवेत
**Embassy of Nepal**
State of Kuwait.

سـفـارة نيبـال
دولة الكويت

प्रेस विज्ञप्ति

कुवेतमा केही दिन पहिले विषादीयुक्त मदिरा सेवनका कारण भएको भनिएको दुःखद घटनामा करिव ३५ जना नेपाली नागरिकहरू अस्पताल भर्ना भएको जानकारी प्राप्त भएको छ । निजहरू मध्ये केहीको मृत्यु भएको जानकारी पनि राजदूतावासमा प्राप्त भएको छ भने केहीको गम्भीर अवस्थामा उपचार भै रहेको छ । केही विरामीहरू विभिन्न अस्पतालमा सामान्य अवस्थामा उपचाररत रहेका छन् ।

यस विषयमा जानकारी प्राप्त हुनासाथ दूतावासबाट राजदूत लगायत अन्य कर्मचारीहरूले तुरून्त विभिन्न अस्पताल भ्रमण गरी नेपाली विरामीहरूको अवस्थाका बारेमा जानकारी लिएको थियो । यस सम्बन्धमा दूतावास सम्बन्धित अस्पताल र कुवेतको स्वास्थ्य मन्त्रालयका अधिकारीहरूसँग निरन्तर सम्पर्कमा रही अस्पतालमा उपचाररत विरामीहरूको उचित उपचारका लागि निरन्तर समन्वय गरीरहेको छ ।

यस दुःखद घटनाका मृतकहरूप्रति दूतावास हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै शोकसन्तप्त परिवारमा गहिरो समवेदना प्रकट गर्दछ । साथै, उपचाररत विरामीहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछ ।

साथै, स्वास्थ्यका लागि घातक र जोखिमपूर्ण खाद्य तथा पेय पदार्थको सेवनबाट टाढा रहनु हुन समेत राजदूतावास विशेष अनुरोध गर्दछ । यस सम्बन्धमा कुनै जानकारी लिनु परेमा दूतावासको WhatsApp Number +९६५६१००८९५६ मा सम्पर्क गर्न सकिने व्यहोरा समेत सबैको जानकारीका लागि अनुरोध छ ।

नेपाली राजदूतावास
कुवेत
मितिः २०८२।०४।३०